मनहरी गाउँपालिका

गाउँकार्यपालिकाको बैठक

मिति २०८३/०५/१० बैठक संख्या : २०८३/०८४-०२ समय : विहान ०८ : ०० बजे

अध्यक्षता : गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती स्थान : मनहरी गाउँपालिका, रजैया

**उपस्थिति**

| क्र.स | नामथर | पद | दस्तखत | |
|---|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | | |
| ४ | श्री राजकुमार पाखिन | २ नं. वडा अध्यक्ष | | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | | |
| ८ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | | |
| १० | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | | |

श्री लक्ष्मी प्रसाद उपाध्याय प्रमुख प्रशासकीय अधिकृत

मिति २०८३/०५/१० गते बसेको दोस्रो गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा।

२. नदीजन्य पदार्थ विक्री गर्ने सम्बन्धमा।

३. आर्थिक सहायता सम्बन्धमा।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघिको कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको प्रगति तथा शिक्षा, स्वास्थ्य, पशुपंक्षि विकास उपशाखा, कृषि विकास उपशाखा, योजना शाखा, भौतिक पूर्वाधार विकास शाखा, आर्थिक प्रशासन शाखा, सामान्य प्रशासन शाखा लगायतका शाखांहरुको मासिक प्रगत्ति सम्बन्धमा जानकारी भयो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा नदिजन्य पदार्थको व्यवस्थापन गर्ने सम्बन्धमा छलफल गर्दा मिति २०८३/०४/२२ गतेको पहिलो कार्यपालिका बैठकको निर्णय नं. ३ बमोजमि प्रमाणति स्टकको विक्री वितरण एवं राजश्व संकलन कार्य निम्नानुसार अघि बढाउने निर्णय गरियो । निम्न

क) प्रमाणित स्टक बमोजिम सम्बन्धित उद्योगहरुबाट राजश्व वापत अग्रीम रकम पालिकामा दाखिला गर्न लगाई सो रकम बराबरको नगदि रसिद सम्बन्धित उद्योगलाई दिने र सो रसिद चेक जाचँका लागि सुनाचुरी र रजैयामा नाका स्थापना गर्ने ।

ख) उपरोक्तानुसार चेक जाचँ प्रयोजनको लागि खोलिने नाकामा नगर प्रहरी एवं आवश्यकता अनुसार सिफ्टवाईज कर्मचारीहरुलाई खटाउने। यसरी खटाईने कर्मचारीहरुलाई आतेजाते भाडा, खाना/खाजा खर्च एवं अतिरिक्त समय भत्तावापत एकमुष्ठ दैनिक रु ४००/- का दरले भत्ता उपलब्ध गराउने ।

ग) नदिजन्य पदार्थको राजश्व संकलन कार्य ठेक्का मार्फत संकलन गर्दा प्रचलित नियमको पालना गरि गत वर्षगको असुली अंक समेतलाई विचार गर्नुपर्ने भएकोले मनहरी खोला लगायतको बातावरणीय अध्ययन (I.E.E) प्रतिवेदन तयार गर्न तुरुन्त प्रकृया अघि बढाउने, समस्बन्धित निकायहरुबाट आवश्यक अनुमति प्रकृया अघि बढाउने लगायतका प्रकृया पुरा गरी यथाशिघ्र ठेक्का सूचना प्रकाशित गर्ने ।

घ) यस निर्णयको आवश्यक जानकारी, सहयोग एवं समन्वयका लागि जि. स. स., जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय लगायतका निकायलाई पत्र लेखी पठाउने ।

लक्ष्मी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत



रन्जन कालाखेती
अध्यक्ष

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिकासंग विभिन्न व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग माग भई आएको रकम अनुसूची -१ बमोजिम तोकिएको शीर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता कार्यान्वयन गर्ने निर्णय गरियो ।

लक्ष्मी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा पारित गरियो ।

रन्जन कालाखेती
अध्यक्ष

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
गाउँ कार्यपालिकाको दोस्रो बैठक